**06 जुलाइ 2024**

National News

**मुख्य समाचार**

- **नडीएले दियो नयाँ सरकार गठनको गतिविधिलाई तिव्रता**
- **केरलाबाट तीन रिक्त राज्यसभा सीटका लागि अधीसुचना आज जारी**
- **सरकार गठनको रणनीति तय गर्न INDIA गठबन्धनका सहयोगी दलको हिजो नयाँ दिल्लीमा बैठक सम्पन्न**
- **श्री पासवानले गर्नुभयो विपक्षी दलका नेताहरुले आफूसँग सम्पर्क गरेको खबरको खण्डन**
- **ओडीसामा सन् 2000 देखी सत्तामा रहेको पार्टीलाई गर्यो भाजपाले पराजय**
- **आसाममा बाढको कारण 2 लाख 46 हजारभन्दा बढी प्रभावित.. अहिलेसम्म 25 जनाको मृत्यू।**

**------------------------------------------------------------**

**नडीएले दियो नयाँ सरकार गठनको गतिविधिलाई तिव्रता**

राष्ट्रिय प्रजातान्त्रिक गठबन्धन (एनडीए)ले नयाँ सरकार गठनका गतिविधिलाई तीव्रता दिएको छ। यसै क्रममा भाजपा अध्यक्ष श्री जगत प्रकाश नड्डाले आज नयाँ दिल्लीमा केन्द्रीय मन्त्रीहरू र पार्टीका वरिष्ठ नेताहरूसँग भेटघाट गर्नुभयो। श्री नड्डाको निवासमा भएको बैठकमा गृहमन्त्री श्री अमित शाह, रक्षामन्त्री श्री राजनाथ सिंह, श्री पियुष गोयल, श्री मनसुख मण्डवीय, श्री प्रह्लाद जोशी, श्री अश्विनी वैष्णव, भाजपाका राष्ट्रिय महासचिव श्री तरुण चुघ, पार्टीका नेता श्री विनोद तावडेलगायत वरिष्ठ नेताहरू उपस्थित रहेका थिए। जनता दल युनाइटेडका केही नेताहरूले पार्टी अध्यक्ष तथा बिहारका मुख्यमन्त्री श्री नितिश कुमारको दिल्लीस्थित निवासमा पनि बैठक गरेका छन्। यी बैठकहरू NDA का नेताहरूले सर्वसम्मतिले प्रधानमन्त्री श्री नरेन्द्र मोदीलाई नेता चयन गरेको एक दिन पछि भएको हो।

एनडीए गठबन्धनमा समावेश दलहरूको संसदीय दलको बैठक भोलि नयाँ दिल्लीमा बस्ने छ। भाजपा, TDP, JDU, LJP (R), शिवसेना (शिन्दे गुट), JD (S) र अन्य सहयोगीहरूका नवनिर्वाचित सांसदहरू बैठकमा उपस्थित हुने अपेक्षा गरिएको छ।

**केरलाबाट तीन रिक्त राज्यसभा सीटका लागि अधीसुचना आज जारी**

केरलाबाट तीन राज्यसभा सीटहरूको लागि आज अधिसूचना जारी गरिएको छ। भारतीय कम्युनिष्ट पार्टीका नेता श्री विनय विश्वम, मार्क्सवादी कम्युनिष्ट पार्टीका नेता श्री एलामाराम करिम र केसीएम पार्टीका नेता श्री जोसे के मणीको कार्यकाल जुलाई 1 मा सकिए पछि अधीसुचना जारी गरिएको हो।

महाराष्ट्रबाट एक राज्यसभा सीटको लागि पनि उपचुनावको अधिसूचना आज जारी गरिएको छ। राष्ट्रवादी कांग्रेस पार्टीका नेता श्री प्रफुल्ल पटेलले राजीनामा दिएपछि यो सिट रिक्त भएको हो।

केरला र महाराष्ट्रका लागि यस महिनाको 13 तारिखसम्म प्रर्थीहरुले उम्मेदवारी दर्ता गर्न सक्नेछन् भने उपचुनावको मतदान जुन 25 मा हुनेछ। यसैबीच भर्खरै सम्पन्न आमनिर्वाचनमा राज्यसभाका नौ सदस्य विजयी भएका छन्।जसमा असमका

सर्वानन्द सोनोवाल र   कामाख्या प्रसाद टासा, बिहारका विवेक ठाकुर र मीसा भारती, हरियाणाका दीपेन्द्र सिंह हुड्डा, मध्य प्रदेशका ज्योतिरादित्य सिन्धिया, महाराष्ट्रका पियुष गोयल, त्रिपुराका विपल कुमार देब र राजस्थानका केसी वेणुगोपाल विजयी बनेका छन्।

**सरकार गठनको रणनीति तय गर्न INDIA  गठबन्धनका सहयोगी  दलको हिजो नयाँ दिल्लीमा बैठक सम्पन्न**

सरकार गठनको रणनीति तय गर्न INDIA  गठबन्धनका सहयोगी  दलको हिजो नयाँ दिल्लीमा बैठक सम्पन्न भयो।  बैठक कांग्रेस अध्यक्ष श्री मल्लिकार्जुन खर्गेको सरकारी निवासमा भएको थियो। यस अवसरमा श्री खर्गेले जनादेश प्रधानमन्त्री नरेन्द्र मोदीको विरुद्धमा रहेको बताउनु भयो। उहाँले यो मोदीको लागि ठूलो राजनीतिक क्षति  अनि  नैतिक हार भएको बताउनु भयो।  श्री खर्गेले भन्नुभयो INDIA गठबन्धनले संविधानको प्रस्तावनामा निहित मूल्यमान्यताप्रति प्रतिबद्ध सबै राजनीतिक दलहरूलाई स्वागत गर्दछ।

बैठकमा कांग्रेस नेता श्रीमती सोनिया गान्धी,श्री  राहुल गान्धी र प्रियंका गान्धी, समाजवादी पार्टीका अध्यक्ष श्री अखिलेश यादव, राष्ट्रिय जनता दलका श्री  तेजस्वी यादव, मार्क्सवादी कम्युनिष्ट पार्टीका नेता श्री  सीताराम येचुरी, भारतीय कम्युनिस्ट पार्टीका नेता श्री डी राजा, राष्ट्रवादी कांग्रेस पार्टीका अध्यक्ष श्री शरद पवार DMK का  प्रमुख एमके स्टालिन, आम आदमी पार्टीका श्री सञ्जय सिंह, झारखण्डका मुख्यमन्त्री श्री सोरेन पनि सहभागी थिए।

**समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ**

**श्री  पासवानले गर्नुभयो विपक्षी दलका नेताहरुले आफूसँग सम्पर्क गरेको खबरको खण्डन**

लोक जनशक्ति पार्टीका अध्यक्ष श्री  चिराग पासवानले विपक्षी दलका नेताहरुले आफूसँग सम्पर्क गरेको खबरको खण्डन गर्नुभएको छ। तर, प्रतिपक्षले चाँही  यस्तो प्रयास गरिरहेको उहाको आरोप छ।  प्रधानमन्त्री श्री नरेन्द्र मोदीप्रति आफ्नो पूर्ण समर्थन व्यक्त गर्दै श्री पासवानले भन्नुभयो श्री मोदीले तेस्रो पटक प्रधानमन्त्री बन्ने जनादेश पाउनुभएको छ र कुनै पनि सहयोगीले यसलाई अनादर गर्न सक्ने छैन।  उहाले छिट्टै NDA को सरकार बन्ने र पाँच वर्षसम्म यो बलियो रहने विश्वास व्यक्त गर्नुभयो।

**ओडीसामा सन् 2000 देखी  सत्तामा रहेको पार्टीलाई गर्यो भाजपाले पराजय।**

ओडिशामा हालै सम्पन्न विधानसभा चुनावमा भारतीय जनता पार्टीको भव्य जित भएको छ। जीत पछि पार्टीले मुख्यमन्त्री पदका लागि धेरै नामहरू चयान  गरिरहेको छ।  भाजपाले राज्यका सबै नवनिर्वाचित 20 सांसदहरूलाई पार्टीका वरिष्ठ नेताहरूसँग छलफल गर्न भोलि दिल्ली निमन्त्रणा गरेको छ। पार्टीले राज्यमा बीजेपीको पहिलो मुख्यमन्त्रीको नामको छलफल गर्नेछ र सरकार गठनको योजना पनि तयार गर्नेछ। मुख्यमन्त्री पदका लागि 6 पटकका सांसद तथा पूर्व केन्द्रीय मन्त्री श्री जुएल ओराम, केन्द्रीय मन्त्री श्री  धर्मेन्द्र प्रधान र भारतका पूर्व नियन्त्रक तथा महालेखा परीक्षक श्री  गिरीश चन्द्र मुर्मुलगायत धेरै नामहरू चर्चामा रहेको बताइएको छ।  विधानसभा चुनावमा भाजपाले 147  सिटमध्ये सतातर  सिट जितेको छ  भने    ओडिशामा सन् 2000 देखि सत्तामा रहेको बिजु जनता दल 51 सिटमा सिमित भएको छ। यसैगरी  कांग्रेसले राज्यमा 14 सिट आफ्नो पक्षमा  पार्न सफल बनेको  छ।

**आसाममा बाढको कारण 2 लाख 46 हजारभन्दा बढी प्रभावित.. अहिलेसम्म 25 जनाको मृत्यू।**

पछिल्लो 24  घण्टामा मौसममा सुधार आएपछि असममा बाढीको स्थितिमा सुधार आएको छ ।  यसैबीच बाढी पीडितको संख्या घटेता पनि  2 लाख 46 हजारभन्दा बढी प्रभावित छन् ।  काछार जिल्लामा बाढीका कारण एकको मृत्यु भएसँगै मृत्यु हुनेको संख्या 25 पुगेको छ । राज्य आपदा प्रबंधन प्राधिकरणका अनुसार काछार, करिमगञ्ज, मोरिगाउँ, होजाई, नागाउँ, दिमा हासाओ, हाइलाकांडी र पश्चिम कार्बी आङ्लोङ जिल्लाका विभिन्न क्षेत्र बाढीले प्रभावित भएका  छन् । आसाममा 375 गाउँका 22 हजारभन्दा बढी एमानिस अहिले 112 राहत शिविरमा आश्रय लिइरहेका छन् भने बाडले 5 हजार हेक्टरभन्दा बढी बाली प्रभावित बनाएको छ।  राहात कार्य युद्ध स्तरमा भैरहेको छ।

**भारतीय फुटबलर सुनिल क्षेत्रीले भोलि कोलकाताको साल्ट लेक स्टेडियममा आफ्नो करियरको  अन्तिम म्याचको नेतृत्व गर्नुहुने छ।**

भारतीय फुटबलर सुनिल क्षेत्रीले आज कोलकाताको साल्ट लेक स्टेडियममा आफ्नो करियरको  अन्तिम म्याचको नेतृत्व गर्नुहुने छ। उहाले कुवेतविरुद्धको यस महत्वपूर्ण फिफा विश्वकप 2026 को  छनोटका लागी   अन्तिम पटक राष्ट्रिय टोलीको नेतृत्व गर्नु हुने छ। क्षेत्रीको सन्यासले  उहाँको उल्लेखनीय 19 वर्षको अन्तर्राष्ट्रिय करियरको अन्त्य भएको संकेत पनि दिइएको छ ।